राष्ट्रिय योजना आयोगको त्रैमासिक

# बुलेटिन

वर्ष १ | अंक २ | २०८३ असोज

# रसुवा–भोटेकोशी बाढीको स्थलगत सर्वेक्षण सम्पन्न

२०८३ असोज २६ गते । काठमाडौं

रसुवागढी तथा भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट भएको क्षतिको विस्तृत मूल्याङ्कनका लागि आवश्यक तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएको छ ।



गत भदौ १० गते नेपाल-चीन सीमा क्षेत्र रसुवागढी तथा भोटेकोशी नदीमा आएको बाढीबाट भएको मानवीय, आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार सम्बन्धी हानि तथा नोक्सानीको यथार्थ अवस्था पहिचान गर्न नेपाल सरकार (मन्त्रिपरिषद्)को भदौ १२ को निर्णयअनुसार आयोगले विपद्पछिको आवश्यकता मूल्याङ्कन (Post Disaster Needs Assessment-PDNA) प्रक्रिया अघि बढाएको हो ।

राष्ट्रिय योजना आयोगले नेपाल सरकारका विभिन्न निकायका कर्मचारी परिचालन गरी प्रभावित क्षेत्रबाट सङ्कलन गरेको तथ्याङ्कको विश्लेषणका आधारमा प्रारम्भिक क्षतिको विवरण तयार पार्ने कार्य गरिरहेको छ ।

तथ्याङ्क सङ्कलनका क्रममा बाढीबाट प्रभावित क्षेत्रको अवस्था तथा क्षति सम्बन्धी विवरण समेटिएको छ । सङ्कलित तथ्याङ्कको विश्लेषणपछि सार्वजनिक गरिने प्रारम्भिक विवरणले विपद्बाट भएको क्षतिको समग्र अवस्थाबारे जानकारी उपलब्ध गराउनेछ । यसबाट प्रभावित क्षेत्रको पुनर्स्थापना तथा पुनर्निर्माणका लागि आवश्यक प्राथमिकता पहिचान गर्न समेत सहयोग पुग्नेछ ।

विस्तृत मूल्याङ्कनमार्फत् पुनर्स्थापना तथा पुनर्निर्माणका आवश्यकता पहिचान गरी त्यसका लागि आवश्यक वित्तीय स्रोतको अनुमान गरिनेछ । साथै, प्रभावित समुदायको जनजीवन सामान्य अवस्थामा फर्काउने, क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण गर्ने र आर्थिक गतिविधि पुनः सञ्चालनमा ल्याउने उद्देश्यसहितको योजना तयार गरिनेछ । यस प्रक्रियाले विपद्बाट प्रभावित क्षेत्रको सामाजिक तथा आर्थिक पुनर्लाभका लागि आवश्यक कार्यक्रम निर्धारण गर्न आधार प्रदान गर्नेछ ।

PDNA प्रतिवेदनमा क्षतिको विवरण लगायत पुनर्निर्माणका लागि आवश्यक लगानी, क्षेत्रगत प्राथमिकता तथा स्रोत परिचालन सम्बन्धी विषय समेटिनेछन् ।

यसबाट सरकारी निकायबीच समन्वय सुदृढ गर्न, पुनर्निर्माण प्रक्रियालाई पारदर्शी बनाउन तथा उपलब्ध स्रोतसाधनको प्रभावकारी उपयोग सुनिश्चित गर्न सहयोग पुग्ने अपेक्षा गरिएकोछ । प्रतिवेदनले पुनर्निर्माणका लागि आवश्यक नीतिगत निर्णय तथा बजेट व्यवस्थापनमा समेत महत्वपूर्ण आधार प्रदान गर्नेछ ।

विस्तृत मूल्याङ्कनबाट प्राप्त निष्कर्षले तत्कालको पुनर्लाभदेखि दीर्घकालीन पुनर्निर्माणसम्मका कार्यक्रमलाई तथ्यमा आधारित ढङ्गले अघि बढाउन सहयोग पुऱ्याउनेछ । साथै, भविष्यमा यस्ता विपद्बाट हुन सक्ने क्षति न्यूनीकरण, जोखिम व्यवस्थापन र सुरक्षित पूर्वाधार विकासका लागि आवश्यक योजना निर्माण गर्नसमेत यसले आधार तयार गर्ने देखिन्छ ।



# रसुवा-भोटेकोशी बाढीपछिको पुनर्निर्माणमा सुरक्षित बस्ती विकासलाई प्राथमिकता दिन विज्ञहरूको जोड



२०८३ भदौ २६ गते। काठमाडौं

रसुवा-भोटेकोशी बाढीपछिको पुनर्निर्माणलाई जोखिम न्यूनीकरणसँग जोड्दै सुरक्षित तथा दिगो बस्ती विकासको रणनीति तयार गर्ने उद्देश्यले राष्ट्रिय योजना आयोगमा विज्ञ अन्तरसंवाद कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा बहु-विपद् जोखिमको मूल्याङ्कनका आधारमा प्रभावित क्षेत्रको पुनर्निर्माण तथा बस्ती विकासलाई व्यवस्थित बनाउने विषयमा छलफल गरिएको थियो।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. गुणाकर भट्टको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रतिनिधि सभाका सदस्य माननीय धनञ्जय रेग्मी, राष्ट्रिय योजना आयोगका माननीय सदस्यहरू, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत, विभिन्न विश्वविद्यालय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थामा आबद्ध विज्ञहरूको सहभागिता रहेको थियो।

बाढीबाट प्रभावित क्षेत्रको पुनर्निर्माण गर्दा तत्कालीन क्षतिको पुनःस्थापनासँगै भविष्यमा हुन सक्ने विपद्का सम्भावित जोखिमलाई समेत सम्बोधन गर्नुपर्ने विषयमा विज्ञहरूले जोड दिएका थिए । छलफलमा बस्तीको भौगोलिक अवस्था, जोखिमको प्रकृति र सम्भावित प्रभावको अध्ययनका आधारमा विकास तथा पुनर्स्थापनासम्बन्धी निर्णय लिनुपर्ने आवश्यकता औंल्याइएको थियो।

विपद्पछिको पुनर्निर्माणलाई भौतिक संरचना निर्माणमा मात्र सीमित नराखी सुरक्षित बसोबास, जोखिमयुक्त क्षेत्रको पहिचान र दीर्घकालीन सुरक्षालाई प्राथमिकतामा राख्नुपर्ने विषय पनि छलफलको महत्वपूर्ण पक्ष रहेको थियो । यसका लागि प्राविधिक अध्ययन तथा जोखिम मूल्याङ्कनलाई बस्ती विकास योजनासँग एकीकृत गर्दै उपलब्ध प्रमाण र विज्ञताका आधारमा प्राथमिकता निर्धारण गर्नुपर्ने देखिन्छ।

कार्यक्रममा विभिन्न क्षेत्रका विज्ञहरूको सहभागिताले विपद् जोखिम न्यूनीकरण तथा पुनर्निर्माणका विषयमा अनुभव र प्राविधिक ज्ञान आदानप्रदान गर्ने अवसर प्रदान गरेको थियो। साथै, नीति निर्माण तथा योजना तर्जुमा प्रक्रियामा सम्बन्धित सरकारी निकाय, प्राज्ञिक क्षेत्र र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाबीच समन्वयलाई प्रभावकारी बनाउने विषयले समेत महत्व पाएको थियो।

अन्तरसंवादबाट प्राप्त सुझावहरू जोखिममा आधारित बस्ती विकास रणनीति निर्माण तथा विपद् जोखिम न्यूनीकरण, पुनर्निर्माण र दिगो विकास सम्बन्धी नीति, योजना एवं कार्यक्रम तर्जुमामा उपयोगी हुने अपेक्षा गरिएको छ। प्राप्त सुझावलाई आगामी योजनामा समेट्न सकेमा रसुवा-भोटेकोशी क्षेत्रको पुनर्निर्माणलाई व्यवस्थित बनाउनुका साथै भविष्यमा सम्भावित विपद्बाट हुन सक्ने क्षति न्यूनीकरण गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।

# नेपालको अर्थतन्त्र र विकासबारे जापानी राजदूतसँग छलफल

२०८३ भदौ २० गते। काठमाडौं



माननीय उपाध्यक्षज्यूसँग नेपालका लागि जापानका राजदूत महामहिम Mr. Maeda Toru ले नेपालको समष्टिगत अर्थतन्त्र र भावी विकासको मार्गचित्रका बारेमा छलफल गर्नु भयो।

भेटवार्ताका क्रममा नेपालको वर्तमान आर्थिक अवस्था, विकासका प्राथमिकता, आर्थिक विकासका सम्भावना तथा विद्यमान चुनौतीका विषयमा विचार विमर्श भएको थियो । साथै, दीर्घकालीन आर्थिक समृद्धि हासिल गर्न आवश्यक नीतिगत प्राथमिकता, विकास रणनीति तथा राष्ट्रिय विकासका लक्ष्यका सम्बन्धमा समेत छलफल भएको थियो।

नेपालको अर्थतन्त्रलाई थप सुदृढ बनाउँदै विकासका प्राथमिकताअनुरूप योजना तथा कार्यक्रम अघि बढाउने विषयमा भएको संवादले नेपालको भावी विकासको दिशा र आर्थिक समृद्धिका सम्भावनाबारे विचार आदानप्रदान गर्ने अवसर प्रदान गरेको छ।

नेपाल र जापानबीच लामो समयदेखि कायम रहँदै आएको मैत्रीपूर्ण सम्बन्ध तथा द्विपक्षीय सहकार्यका सन्दर्भमा भेटवार्ता महत्वपूर्ण रहेको छ। दुई देशबीचको आपसी समझदारी र सहकार्यलाई थप सुदृढ बनाउँदै नेपालको विकास प्रयासमा सहयोग र समन्वयका सम्भावित क्षेत्रबारे संवादलाई निरन्तरता दिन यस प्रकारका भेटवार्ताले योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

उक्त छलफलले नेपालको समष्टिगत आर्थिक अवस्था र भावी विकासको मार्गचित्रबारे नीतिगत संवादलाई अघि बढाउनुका साथै राष्ट्रिय विकासका प्राथमिकता सम्बन्धी विषयमा आपसी समझदारी अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।

# विज्ञान र नवप्रवर्तनबाट समृद्धिको खोजी

२०८३ असार ३० गते । काठमाडौं

विज्ञान, प्रविधि तथा नवप्रवर्तन क्षेत्रको विकासलाई राष्ट्रिय प्राथमिकतासँग समन्वय गर्दै अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तन प्रवर्द्धनलाई प्रभावकारी बनाउने विषयमा राष्ट्रिय योजना आयोगमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। माननीय मन्त्री महावीर पुनज्यूको उपस्थितिमा सम्पन्न कार्यक्रममा यस क्षेत्रको वर्तमान अवस्था, सम्भावना, चुनौती र आगामी कार्यदिशाबारे विचारविमर्श गरिएको थियो।

कार्यक्रममा विज्ञान तथा प्रविधिको उपयोगलाई विस्तार गर्दै राष्ट्रिय विकासका आवश्यकता सम्बोधन गर्ने, अनुसन्धानलाई व्यावहारिक नतिजासँग जोड्ने र नवीनतम प्रविधिको विकास तथा प्रयोगलाई



प्रोत्साहन गर्ने विषयले प्राथमिकता पाएको थियो। साथै, वैज्ञानिक अनुसन्धान, प्राविधिक क्षमता अभिवृद्धि र नवप्रवर्तनमैत्री वातावरण निर्माणका लागि आवश्यक नीतिगत व्यवस्था तथा संस्थागत सहकार्यका पक्षमा समेत छलफल भएको थियो।

मन्त्रालयका तर्फबाट विज्ञान, प्रविधि तथा नवप्रवर्तन क्षेत्रका आवश्यकता, विद्यमान चुनौती र आगामी कार्यक्रमका प्राथमिकतासम्बन्धी धारणा प्रस्तुत गरिएको थियो। बदलिँदो प्रविधिगत परिवेशमा अनुसन्धान तथा नवप्रवर्तनलाई आर्थिक, सामाजिक र उत्पादनमूलक क्षेत्रको रूपान्तरणसँग जोड्नुपर्ने आवश्यकतासमेत औँल्याइएको थियो।

# उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा सम्बन्धी बैठक सम्पन्न

२०८३ असार ३२ गते । काठमाडौं

माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताज्यू तथा माननीय कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीज्यूको उपस्थितिमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूको अध्यक्षतामा उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक सम्पन्न भएको छ।



बैठकमा नेपालको पोषण तथा खाद्य सुरक्षाको वर्तमान अवस्था, नीतिगत प्राथमिकता, अन्तरनिकायगत समन्वय तथा खाद्य प्रणालीलाई थप सुरक्षित, दिगो र पोषणमैत्री बनाउने विषयमा छलफल भएको थियो। सहभागीहरूले पोषण सुधार, खाद्य सुरक्षा तथा खाद्य स्वच्छतासँग सम्बन्धित नीति, योजना तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक सुझाव तथा धारणा प्रस्तुत गर्नुभएको थियो।

बैठकबाट प्राप्त सुझाव तथा निर्णयहरूले पोषण तथा खाद्य सुरक्षा क्षेत्रमा नीतिगत समन्वय, कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा परिणाममुखी कार्यसम्पादनमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# UNSDCF २०२८-२०३२ को तयारीबारे संयुक्त निर्देशक समितिमा छलफल

२०८३ साउन ०८ गते । काठमाडौं

नेपालको राष्ट्रिय विकास प्राथमिकता र दिगो विकास लक्ष्यअनुरूप संयुक्त राष्ट्रसंघीय विकास सहयोगलाई प्रभावकारी बनाउने विषयमा संयुक्त निर्देशक समितिको बैठक सम्पन्न भएको छ। राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष र नेपालका लागि संयुक्त राष्ट्रसंघका आवासीय प्रतिनिधिको सहसंयोजकत्वमा सम्पन्न बैठकमा संयुक्त राष्ट्रसंघीय दिगो विकास सहयोग रूपरेखाको (UNSDCF) २०२८-२०३२ तयारी तथा आगामी पाँच वर्षका लागि विकास सहयोगका प्राथमिकताको बारेमा छलफल भएको हो।



बैठकमा प्रस्तावित सहयोग रूपरेखालाई नेपालको राष्ट्रिय योजना, विकास आवश्यकता र नीतिगत प्राथमिकतासँग एकीकृत गर्दै अघि बढाउने विषयमा विचारविमर्श गरिएको थियो। विकास कार्यक्रमको प्रभावकारिता बढाउन सरकारी निकाय र संयुक्त राष्ट्रसंघीय संस्थाबीच समन्वय सुदृढ गर्ने तथा उपलब्ध स्रोत र प्राविधिक सहयोगको अधिकतम उपयोग गर्ने विषयमा पनि जोड दिइएको थियो।

UNSDCF २०२८-२०३२ ले नेपालमा संयुक्त राष्ट्रसंघीय विकास सहयोगका साझा प्राथमिकता र अपेक्षित नतिजालाई दिशा प्रदान गर्ने भएकाले यसको तयारीमा राष्ट्रिय स्वामित्व, नीतिगत स्पष्टता र संस्थागत सहकार्यलाई महत्व दिइएको छ।

छलफलमा र प्राप्त सुझावले नेपालको विकास लक्ष्यअनुरूप आगामी दिनहरुमा सहयोग रूपरेखा तयार गर्न तथा संयुक्त राष्ट्रसंघीय विकास सहयोगलाई थप समन्वयात्मक, सान्दर्भिक र परिणाममुखी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# सोह्रौँ योजनाको कार्यान्वयन समीक्षा, अर्थतन्त्रको अवस्थाबारे सरोकारवालासँग छलफल




२०८३ साउन २१ गते। काठमाडौं

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूको अध्यक्षतामा सोह्रौँ योजनाको कार्यान्वयन स्थिति तथा मुलुकको समग्र अर्थतन्त्रका विषयमा सम्बन्धित मन्त्रालय र निजी क्षेत्रका प्रतिनिधिहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। २०८३ साउन २१ गते आयोजित कार्यक्रममा राष्ट्रिय योजनाका प्राथमिकता, योजनाको कार्यान्वयन अवस्था र आर्थिक गतिविधिसँग सम्बन्धित विषयमा सरोकारवालाबीच छलफल भएको थियो।

कार्यक्रममा सम्बन्धित मन्त्रालयका प्रतिनिधिहरूले आ-आफ्नो मन्त्रालयअन्तर्गत सोह्रौँ योजनामा समेटिएका कार्यक्रम तथा आयोजनाको कार्यान्वयन अवस्थाबारे जानकारी प्रस्तुत गरेका थिए। निर्धारित लक्ष्यअनुसार भएका प्रगति, कार्यान्वयनको क्रममा देखिएका व्यावहारिक पक्ष तथा थप ध्यान दिनुपर्ने क्षेत्रबारे सहभागीहरूले जानकारी आदानप्रदान गरेका थिए।

योजना कार्यान्वयनमा विभिन्न मन्त्रालय तथा निकायको भूमिका, जिम्मेवारी र आपसी समन्वयका विषयमा पनि छलफल भएको थियो। राष्ट्रिय प्राथमिकतामा रहेका कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाउन नीति, योजना, बजेट र कार्यान्वयनबीच स्पष्ट सम्बन्ध कायम गर्नुपर्ने पक्षमा सहभागीहरूले धारणा राखेका थिए।

निजी क्षेत्रका प्रतिनिधिहरूले व्यवसाय सञ्चालन तथा लगानीका क्रममा सामना गर्नुपरेका विषयबारे आफ्ना अनुभव र सुझाव प्रस्तुत गरेका थिए। उद्योग तथा व्यवसायको विस्तार, लगानी प्रवर्द्धन र उत्पादनमूलक गतिविधिलाई प्रोत्साहन गर्ने वातावरण निर्माणसँग सम्बन्धित विषयमा उनीहरूले धारणा राखेका थिए।

निजी क्षेत्रले आर्थिक गतिविधिमा पुऱ्याउँदै आएको योगदानलाई विकास योजनाको कार्यान्वयनसँग जोड्ने विषयमा समेत छलफल भएको थियो। उत्पादन वृद्धि, उद्यमशीलता विस्तार तथा रोजगारी सिर्जनामा निजी क्षेत्रको सहभागितालाई थप प्रभावकारी बनाउने सम्भावनाबारे सहभागीहरूबीच विचारविमर्श गरिएको थियो।

सोह्रौँ योजनामा निर्धारित लक्ष्य हासिल गर्न कार्यान्वयनको नियमित समीक्षा र आवश्यकताअनुसार सुधारका उपाय अवलम्बन गर्ने विषयमा पनि छलफल भएको थियो। योजनामा समेटिएका कार्यक्रमको प्रगति मूल्यांकनसँगै कार्यान्वयनका क्रममा देखिएका अवरोध पहिचान गरी सम्बन्धित निकायबाट समाधान खोज्ने विषयमा धारणा आदानप्रदान गरिएको थियो।

कार्यक्रममा सार्वजनिक स्रोतको प्रभावकारी उपयोग, प्राथमिकताका क्षेत्रमा लगानी केन्द्रित गर्ने तथा योजनाका अपेक्षित परिणामलाई मापनयोग्य बनाउने विषयमा समेत छलफल भएको थियो। विकास कार्यक्रमको प्रभाव र उपलब्धीलाई आधार बनाएर आगामी कार्यदिशा तय गर्ने आवश्यकताबारे सहभागीहरूले धारणा राखेका थिए।

सरकारी निकाय र निजी क्षेत्रबीच नियमित संवाद र छलफलबाट आर्थिक नीति र विकास योजनालाई कार्यान्वयनमूखी बनाउन सकिने विषयमा पनि विचार आदानप्रदान भएको थियो। सम्बन्धित मन्त्रालय तथा निजी क्षेत्रबाट प्रस्तुत भएका अनुभव, सुझाव र विषयलाई आगामी कार्यसम्बन्धी छलफलमा आधारका रूपमा लिन सकिने पक्षमा छलफल भएको थियो।

अन्तरक्रियामा सोह्रौँ योजनाको कार्यान्वयन अवस्था र मुलुकको आर्थिक गतिविधिबारे सम्बन्धित पक्षबाट प्रत्यक्ष जानकारी लिइएको थियो। कार्यक्रमले योजना कार्यान्वयनसँग जोडिएका मन्त्रालय तथा निजी क्षेत्रका प्रतिनिधिलाई एउटै मञ्चमा ल्याई उपलब्धी, चुनौती र आगामी कार्यदिशाबारे छलफल गर्ने अवसर प्रदान गरेको थियो।



# विपद् उत्थानशील विकासका लागि सहकार्य आवश्यक



२०८३ असोज २१ गते । काठमाडौं

विपद् जोखिम न्यूनीकरण तथा उत्थानशील विकासका विषयमा राष्ट्रिय योजना आयोग र विश्व वन्यजन्तु कोष (WWF) का प्रतिनिधिबीच छलफल भएको छ । राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू लगायत माननीय सदस्यज्यूहरूसँग WWF का प्रतिनिधिहरूले विपद् उत्थानशील विकास, वातावरण संरक्षण तथा विकास योजनामा विपद् जोखिमलाई सम्बोधन गर्ने विषयमा छलफल गरेका हुन् ।

छलफलका क्रममा विकास निर्माणका योजना तथा नीतिहरू तयार गर्दा विपद् जोखिम न्यूनीकरण, वातावरणीय संरक्षण र जलवायु परिवर्तनका प्रभावलाई प्राथमिकताका साथ समेट्नुपर्ने विषयमा जोड दिइएको थियो । साथै, विपद्का कारण हुने मानवीय, सामाजिक, आर्थिक तथा वातावरणीय क्षति न्यूनीकरण गर्न दीर्घकालीन र उत्थानशील विकासको अवधारणालाई योजनाबद्ध रूपमा अघि बढाउनुपर्नेमा सहभागीहरूले धारणा राखेका थिए । नेपाल भौगोलिक तथा जलवायुजन्य जोखिमका दृष्टिले संवेदनशील मुलुक भएकाले विकासका हरेक तहमा विपद् जोखिमलाई समेट्दै पूर्वतयारी, जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धि गर्न आवश्यक रहेको छलफलमा औंल्याइएको थियो ।

WWF प्रतिनिधिहरूले विपद् उत्थानशील विकासका क्षेत्रमा आफ्नो अनुभव, प्राविधिक ज्ञान तथा संस्थागत सहकार्यका सम्भावनाबारे जानकारी गराएका थिए । राष्ट्रिय योजना आयोगका तर्फबाट पनि विपद् जोखिम न्यूनीकरण तथा उत्थानशील विकासलाई राष्ट्रिय योजना र नीतिसँग जोड्दै प्रभावकारी रूपमा अघि बढाउने विषयमा छलफल भएको थियो ।

विकास र वातावरणबीच सन्तुलन कायम गर्दै विपद् तथा जलवायुजन्य जोखिमबाट सुरक्षित र दिगो विकास हासिल गर्न सरकारी निकाय तथा विकास साझेदार संस्थाबीचको सहकार्यलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको विषयमा समेत छलफल भएको थियो ।

# जलवायु परिवर्तनले पार्ने असरका बारेमा छलफल

२०८३ असोज ०४ गते । काठमाडौं



अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को बोर्ड अफ गभर्नर्सको दुईदिने बैठक सम्पन्न भएको छ । सन् २०२६ सेप्टेम्बर १९ र २० मा ललितपुरस्थित इसिमोडको मुख्यालयमा सम्पन्न बैठकले आगामी एक वर्षका लागि बोर्डको अध्यक्षताको जिम्मेवारी नेपाललाई दिएको छ । उक्त बैठकमा नेपालको प्रतिनिधित्व राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. गुणाकर भट्टले गर्नु भएको थियो ।

इसिमोडको मुख्यालय नेपालमा रहेकाले बोर्डको अध्यक्षता गर्ने जिम्मेवारीले पहाडी क्षेत्रको दिगो विकास, जलवायु परिवर्तन अनुकूलन तथा क्षेत्रीय सहकार्यका विषयमा नेपालको भूमिका थप सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

बैठकमा इसिमोडको छैटौं मध्यकालीन कार्ययोजना (MTAP VI, २०२७-२०३०), सन् २०२७ देखि २०३० सम्मको आर्थिक अवस्था तथा रणनीति र सन् २०२३ देखि २०२६ सम्मको चारवर्षे समीक्षा प्रतिवेदन उपर विस्तृत छलफल भएको थियो । छलफलपछि संस्थाको भावी कार्यदिशा, आर्थिक रणनीति तथा विगतका कार्यक्रमको समीक्षासँग सम्बन्धित विषयमा आवश्यक निर्णयसमेत गरिएको थियो ।

हिन्दुकुश हिमालय क्षेत्रको दिगो विकास, पर्वतीय पारिस्थितिक प्रणालीको संरक्षण र जलवायु परिवर्तनबाट उत्पन्न चुनौती सम्बोधन गर्न इसिमोडले क्षेत्रीय स्तरमा काम गर्दै आएको छ । यस सन्दर्भमा नयाँ मध्यकालीन कार्ययोजना र आर्थिक रणनीतिले संस्थाका आगामी प्राथमिकता निर्धारण गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

बोर्ड अफ गभर्नर्सको अर्को बैठक आगामी सेप्टेम्बरमा नेपालमा आयोजना गर्ने तय भएको छ ।

# मधेश प्रदेशको विकास प्राथमिकता र योजनाबारे राष्ट्रिय योजना आयोगमा छलफल



२०८३ असोज ०४ गते। काठमाडौं

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव र राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरूसँग प्रदेशको विकास प्राथमिकता, योजना तर्जुमा र कार्यान्वयनका विषयमा छलफल भएको छ।

राष्ट्रिय योजना आयोगमा भएको भेटवार्तामा मधेश प्रदेशको विकास आवश्यकता, पूर्वाधार विस्तार, कृषि आधुनिकीकरण, रोजगारी सिर्जना तथा आर्थिक-सामाजिक रूपान्तरणका विषयमा विचार विमर्श भएको हो।

छलफलका क्रममा मुख्यमन्त्री यादवले प्रदेशको भौगोलिक, जनसांख्यिक तथा सामाजिक अवस्थाअनुसार विकासका कार्यक्रमलाई प्राथमिकताका आधारमा अघि बढाउनुपर्नेमा जोड दिनुभएको थियो। सडक, खानेपानी, सिंचाइ, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग तथा पर्यटन क्षेत्रको विकासमार्फत् प्रदेशको आर्थिक सम्भावनालाई उपयोग गर्नुपर्ने विषयमा पनि चर्चा भएको थियो।

मधेश प्रदेशको अर्थतन्त्रमा कृषिको महत्वपूर्ण योगदान रहेकाले कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, आधुनिकीकरण र कृषिजन्य वस्तुको बजारीकरणलाई प्रभावकारी बनाउने विषयलाई विकास योजनामा प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याइएको थियो। साथै युवा जनशक्तिको सीप विकास, रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनमार्फत जनसांख्यिक लाभलाई आर्थिक विकाससँग जोड्ने विषयमा समेत छलफल भएको थियो।

भेटवार्तामा विकास आयोजनाको प्राथमिकीकरण, उपलब्ध स्रोतसाधनको प्रभावकारी परिचालन तथा कार्यान्वयन र अनुगमन प्रणालीलाई परिणाममुखी बनाउने विषयमा समेत छलफल भएको थियो। शिक्षा, स्वास्थ्य तथा आधारभूत सेवाको पहुँच र गुणस्तर सुधार गरी मानव विकासका सूचकमा प्रगति हासिल गर्ने विषयमा पनि छलफल भएको थियो।

राष्ट्रिय योजना आयोगका पदाधिकारीहरूले प्रदेशका आवश्यकता र प्राथमिकतालाई राष्ट्रिय विकासका लक्ष्यसँग समन्वय गर्दै अघि बढाउनुपर्नेमा जोड दिनुभएको थियो। तीनै तहका सरकारबीच सहकार्य र समन्वय सुदृढ भएमा विकास आयोजनाको प्रभावकारिता बढाउनुका साथै उपलब्ध स्रोतबाट अधिकतम प्रतिफल हासिल गर्न सकिने विषयमा छलफल भएको थियो।

भेटवार्ताले मधेश प्रदेशको विकास प्राथमिकतालाई राष्ट्रिय योजना तथा नीति निर्माण प्रक्रियासँग जोड्दै पूर्वाधार, उत्पादन, रोजगारी र मानव विकासका क्षेत्रमा समन्वयात्मक पहल अघि बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# सचिव पन्थ सेवा निवृत्त, आयोगद्वारा धन्यवाद सहित विदाई

२०८३ असोज १९ गते। काठमाडौं

राष्ट्रिय योजना आयोगका सचिव रविलाल पन्थले आफ्नो कार्यकाल पूरा गरी २०८३ साल असोज १९ गतेदेखि सेवा निवृत्त हुनुभएको छ। उहाँले आफ्नो कार्यकालमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै आयोगले धन्यवाद ज्ञापन गरेको छ।



राष्ट्रिय योजना आयोगमा कार्यरत रहँदा सचिव पन्थले राष्ट्रिय विकास नीति तथा योजना तर्जुमा, विभिन्न निकायबीच समन्वय तथा विकास कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो। उहाँको कार्यसम्पादनमा देखिएको व्यावसायिक प्रतिबद्धता, जिम्मेवारीबोध र कार्यकुशलताले आयोगका कामकारबाहीलाई व्यवस्थित रूपमा अघि बढाउन योगदान पुऱ्याएको छ।

राष्ट्रिय विकासका प्राथमिकता निर्धारण, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र सम्बन्धित निकायबीच समन्वय कायम गर्ने कार्यमा उहाँले निर्वाह गर्नुभएको जिम्मेवारी सार्वजनिक सेवाप्रतिको प्रतिबद्धताको महत्वपूर्ण पक्षका रूपमा रहेको छ।

आयोगले सचिव पन्थको सेवाकालीन योगदानको उच्च मूल्याङ्कन गर्दै उहाँको आगामी जीवन सुखमय, स्वस्थ र सफल रहोस् भन्ने शुभकामना व्यक्त गरेको छ।

# नीति निर्माणमा प्रमाणको प्रयोग सम्बन्धी विज्ञको प्रस्तुति

२०८३ भदौ ०४ गते। काठमाडौं

राष्ट्रिय योजना आयोगमा London School of Economics का प्राध्यापक Michael Callen ले "Evidence in Policy Making: Lessons from State Capacity Research" विषयमा प्रस्तुति तथा अन्तरसंवाद गर्नुभएको छ।



कार्यक्रममा प्रमाणमा आधारित नीति निर्माण, राज्यको संस्थागत क्षमता अभिवृद्धि तथा अनुसन्धानबाट प्राप्त निष्कर्षलाई सार्वजनिक नीति र निर्णय प्रक्रियामा उपयोग गर्ने विषयमा छलफल भएको थियो।

प्रस्तुतिका क्रममा प्राध्यापक Callen ले तथ्य तथा अनुसन्धानमा आधारित प्रमाणको प्रयोगले नीतिगत निर्णयलाई थप प्रभावकारी बनाउन सक्ने विषयमा प्रकाश पार्नुभएको थियो। सार्वजनिक स्रोतसाधनको उचित परिचालन, विकासका प्राथमिकता निर्धारण र नीतिको प्रभावकारिता अभिवृद्धिका लागि उपलब्ध प्रमाणको विश्लेषण तथा उपयोग महत्वपूर्ण हुने विषयमा चर्चा गरिएको थियो।

कार्यक्रममा राज्यका संस्थागत संरचना, प्रशासनिक दक्षता र नीति कार्यान्वयन गर्ने निकायको क्षमताले सार्वजनिक नीतिको परिणाममा पार्ने प्रभावबारे समेत विचार आदानप्रदान भएको थियो। नीतिगत लक्ष्य हासिल गर्न संस्थागत क्षमता सुदृढीकरण, प्रभावकारी कार्यान्वयन प्रणाली तथा सार्वजनिक सेवा प्रवाहमा सुधार आवश्यक रहेको विषय उठाइएको थियो।

प्रस्तुतिपछिको अन्तरसंवादमा सहभागीहरूले अनुसन्धानका निष्कर्षलाई सरकारी निर्णय प्रक्रियासँग जोड्ने व्यावहारिक उपाय तथा प्रमाणमा आधारित नीति निर्माणका चुनौतीबारे धारणा राखेका थिए। अनुसन्धानकर्ता, नीति निर्माता र कार्यान्वयन गर्ने निकायबीचको सहकार्यले अनुसन्धानबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतार्न सहयोग पुग्ने विषयमा समेत छलफल भएको थियो।

राष्ट्रिय योजना आयोगका पदाधिकारी तथा सम्बन्धित क्षेत्रका विज्ञहरूको सहभागिता रहेको कार्यक्रमले नीति निर्माणमा प्रमाणको प्रयोग र संस्थागत क्षमता विकासका विषयमा अनुभव आदानप्रदान गर्ने अवसर प्रदान गरेको छ। यसबाट राष्ट्रिय योजना तथा सार्वजनिक नीतिलाई थप तथ्यपरक, प्रभावकारी र परिणाममुखी बनाउन उपयोगी मार्गदर्शन प्राप्त हुने अपेक्षा गरिएको छ।

# राष्ट्रिय विकास समस्या समाधान समितिको पूर्वतयारी बैठक

२०८३ साउन २२ गते। काठमाडौं।

राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकलाई प्रभावकारी बनाउन पूर्वतयारीका क्रममा विकास आयोजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था र समाधान गर्नुपर्ने प्रमुख सवालबारे छलफल गरिएको छ।



२०८३ बैशाख २२ गते देखि भएको छलफलमा विकास कार्यक्रमको प्रगति समीक्षा, कार्यान्वयनमा देखिएका चुनौतीको पहिचान तथा समस्या समाधानका लागि आवश्यक पहल र समन्वयका विषयमा विचारविमर्श भएको हो।

राष्ट्रिय विकासका लक्ष्यअनुरूप आयोजना तथा कार्यक्रमबाट अपेक्षित उपलब्धी हासिल गर्न तिनको कार्यान्वयन अवस्था स्पष्ट रूपमा पहिचान गर्नु आवश्यक हुन्छ। निर्धारित लक्ष्य अनुसार प्रगति हुन नसकेका आयोजना, कार्यान्वयनमा बाधा पुऱ्याउने कारण तथा समस्या समाधानका लागि चाल्नुपर्ने कदमबारे तथ्यमा आधारित समीक्षा गर्नु विकास व्यवस्थापनको महत्वपूर्ण पक्ष हो। समितिको बैठकमा प्रस्तुत गरिने विषयलाई व्यवस्थित बनाउने र समाधानमूखी छलफलका लागि आवश्यक आधार तयार गर्ने उद्देश्यले पूर्वतयारी गरिएको हो।

विकास आयोजना कार्यान्वयनमा विभिन्न निकायको भूमिका र जिम्मेवारी जोडिने भएकाले समस्या समाधानका लागि अन्तरनिकाय समन्वय महत्वपूर्ण हुन्छ। सम्बन्धित निकायबीच सूचना आदानप्रदान, जिम्मेवारीको स्पष्टता र समयमै निर्णय गर्ने प्रक्रियाले आयोजना कार्यान्वयनमा देखिने अवरोध हटाउन सहयोग पुऱ्याउँछ। त्यसैले विकास व्यवस्थापनमा देखिएका समस्या पहिचान गर्नुका साथै तिनको समाधानका लागि सम्बन्धित निकायबाट आवश्यक पहल र सहकार्य सुनिश्चित गर्नु जरुरी हुन्छ।

त्यस्तै, सार्वजनिक लगानीको प्रभावकारिता अभिवृद्धि गर्न आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई नतिजासँग जोड्नु आवश्यक छ। उपलब्ध स्रोतसाधनको उचित उपयोग, कार्यप्रगतिको नियमित अनुगमन र जिम्मेवारी अनुसार कार्यसम्पादनमा जोड दिन सकेमा विकास कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त गर्न सहज हुन्छ। यसका लागि समस्या देखिएका विषयलाई समयमै पहिचान गरी समाधानका उपयुक्त विकल्प अघि बढाउनु महत्वपूर्ण मानिन्छ।

राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा विकास आयोजना तथा कार्यक्रमको कार्यान्वयनसँग सम्बन्धित विषय उपर समीक्षा गरी समाधानका लागि आवश्यक निर्णय र समन्वयका विषय अघि बढाउन सकिन्छ। बैठकको पूर्वतयारीका क्रममा भएको छलफलले सम्बन्धित विषयलाई स्पष्ट रूपमा प्रस्तुत गर्न तथा समस्या समाधानका उपायमा केन्द्रित रहेर छलफल अघि बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

आगामी राष्ट्रिय विकास समस्या समाधान समितिमा पेश गर्नु पर्ने विषयहरु पहिचानमा समेत यस बैठकले सहयोग पुऱ्याएको छ।

# सुदुरपश्चिम प्रदेशका संघीय सांसदहरूसँग अन्तरक्रिया

२०८३ साउन २९ गते। काठमाडौं

सुदूरपश्चिम प्रदेशबाट संघीय संसदमा प्रतिनिधित्व गर्ने सांसदहरूसँग प्रदेशको विकास तथा संस्कृति, पर्यटन र नागरिक उड्डयन क्षेत्रका विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा सुदूरपश्चिम प्रदेशका विकासका सम्भावना, प्राथमिकता र सम्बन्धित क्षेत्रका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा सांसदहरूले सुदूरपश्चिम प्रदेशको भौगोलिक तथा सामाजिक अवस्थालाई ध्यानमा राखेर विकासका कार्यक्रम निर्धारण गर्नुपर्ने तथा प्रदेशका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनलाई पर्यटन विकाससँग जोड्ने विषयमा सहभागीहरूले धारणा राखेका थिए। खप्तड, शुक्लाफाँटा, अपी-नाम्पा लगायतका क्षेत्रको सम्भावनालाई व्यवस्थित रूपमा उपयोग गर्न सके सुदूरपश्चिमलाई पर्यटनको महत्वपूर्ण गन्तव्यका रूपमा विकास गर्न सकिने विषयमा छलफल भएको थियो ।




सांसदहरूले नागरिक उड्डयनसँग सम्बन्धित विषयमा सुदूरपश्चिमका विमानस्थलको सञ्चालन अवस्था, भौतिक पूर्वाधार तथा हवाई सेवाको नियमितताबारे सांसदहरूले धारणा राखेका थिए। विशेषगरी भौगोलिक रूपमा विकट क्षेत्रका नागरिकका लागि हवाई सेवा आवश्यक रहेकाले धनगढी लगायत अन्य विमानस्थलको क्षमता र सेवामा सुधार गर्नुपर्ने विषय उठाइएको थियो । पर्यटन व्यवसायमा निजी क्षेत्रको सहभागिता विस्तार गर्ने विषय पनि अन्तरक्रियामा समेटिएको थियो । होटल, होमस्टे, मनोरञ्जन तथा अन्य पर्यटनसम्बन्धी सेवामा लगानी बढाउन आवश्यक नीतिगत सहजीकरण तथा स्थानीय तहसँगको समन्वयका विषयमा छलफल भएको थियो।

प्रदेशका युवालाई पर्यटन तथा आतिथ्य सेवासँग सम्बन्धित सीप प्रदान गरी स्थानीयस्तरमै रोजगारीका अवसर सिर्जना गर्ने सम्भावनाबारे समेत विचारविमर्श गरिएको थियो । स्थानीय जनशक्तिको क्षमता विकासमार्फत् पर्यटन व्यवसायमा आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न सकिने विषयमा सांसदहरूले सुझाव दिएका थिए।

कार्यक्रममा सांसदहरूले आ-आफ्नो निर्वाचन क्षेत्रसँग सम्बन्धित विभिन्न विषय प्रस्तुत गर्दै संघीय तहबाट सम्बोधन गर्नुपर्ने विषयमा ध्यानाकर्षण गराएका थिए भने आयोगको जिम्मेवारी र कार्यक्षेत्रसँग सम्बन्धित विषयमा समेत सहभागीहरूबीच छलफल भएको थियो ।

# राष्ट्रिय योजना आयोगको सचिवमा भुपाल बराल

२०८३ असोज २६ गते। काठमाडौं

राष्ट्रिय योजना आयोगमा सरुवा भई आउनुभएका सचिव भुपाल बराल २०८३ साल असोज २६ गतेदेखि आयोगमा हाजिर हुनु भएको छ। उहाँको आगमनका अवसरमा आयोगले औपचारिक कार्यक्रम आयोजना गरी स्वागत गरेको छ।



आयोगका सचिव रविलाल पन्थ २०८३ साल असोज १९ गतेदेखि सेवा निवृत्त हुनुभएपछि सचिव बराल सरुवा भई आउनुभएको हो । आयोगमा आयोजित स्वागत कार्यक्रममा पदाधिकारी, सदस्य तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा सचिव बराललाई स्वागत गर्दै उहाँको कार्यकाल सफल र उपलब्धीमूलक रहोस् भन्ने शुभकामना व्यक्त गरिएको थियो ।

राष्ट्रिय योजना आयोगको सचिवका रूपमा बरालले आयोगको प्रशास निक व्यवस्थापन, नीतिगत निर्णयको सहजीकरण तथा विभिन्न निकायसँगको समन्वयमा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुहुनेछ। उहाँको नेतृत्वमा आयोगका कार्यप्रक्रियालाई थप चुस्त, व्यवस्थित र परिणाममुखी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

सम्पर्क
**राष्ट्रिय योजना आयोग**
**सिंहदरवार, काठमाडौं**
**वेबसाइट**:www.npc.gov.np
**इमेल**:: npc@npc.gov.np
**फोन**:: ९७७-१-४२११०३२/४२१११३९